**मिति :२०७४/१२/२७ गतेको नगर कार्यपालिकाको निर्णय**

प्रस्तावहरु

१. बजेट विनियोजन सम्बन्धमा ।

२. स्थानिय कानुन पारित सम्बन्धमा ।

३. नगर सभा सम्बन्धमा ।

४. योजना संशोधन सम्बन्धमा ।

५. खर्च अनुमोदन सम्बन्धमा ।

६. सम्पन्न भएका योजनाहरुको फरफारक सम्बन्धमा ।

निर्णय नं - १

प्रस्ताव नं १ उपर छलफल गर्दा मिति २०७४/३/३१ गतेको नगर सभाले पारित गरेको बुदाँ नं २१० को कार्यक्रमलाई संशोधन गरी तपशिल बमोजिम विनियोजन गर्ने निर्णय गरियो ।

(क) मैदान देखी चनौटे बाटो मर्मत - ५० हजार

(ख) पिस्ती खोला चामेडाँडा चायपानी मोडसम्म बाटो मर्मत - ५० हजार

(ग) फेदी राम्चे गोरेटो बाटो मर्मत म.ने.७ - ५० हजार

(घ) भंगेर पुजा र सप्तधारा महादेवको जलधारा पुजा - २५ हजार

(ङ) नाग भैरव पुजा - २५ हजार

(च) डाडाँ गाउँ दलित कुल देवता मन्दिर मर्मत व्यवस्थापन तथा टक्सार स्वास्थ्य चौकी मर्मत - ५० हजार

(छ) नगर प्रमुख, उप प्रमुख र वडा अध्यक्षहरुको बृहत तथा आकस्मिक योजना, कार्ययोजना, नीति, नियम र अध्ययन अवलोकन बैठक - ५० हजार

(ज) मिति २०७४/३/३१ को नगर सभाबाट पारित बुदाँ नं २०६ को बजेट ७ लाख र २०५ मा विनियोजित रकम ५ लाख मध्ये बाट ३ लाख गरी १० लाख नगर प्रोफाइल तयार गर्न खर्च गर्ने निर्णय गरियो ।

(झ) मिति २०७४/३/३१ को नगर सभाबाट पारित बुदाँ नं २०५ बाट बचत हुन आएको २ लाख र गत आ.व.को नगर सडक गुरुयोजना निर्माण प्रयोजनको लागि स्थानीय शासन तथा सामुदायिक

विकास कार्यक्रम (LGCDP- II) को संचित रकम ८ लाख गरी १० लाखमा नगर यातायात सडक गुरुयोजना निर्माण गर्ने निर्णय गरियो ।

निर्णय नं - २

प्रस्ताव नं २ उपर छलफल गर्दा तपशिल बमोजिमका कानुन निर्माण तथा संशोधन गरी पारित गर्ने निर्णय गरियो ।

- नगरपालिकाको दैनिक भत्ता नियमावली - २०७४
- नगरपालिकाको आर्थिक सहायता वितरण कार्यविधि - २०७४
- राजपत्र प्रकाशन कार्यविधि - २०७४
- संघिय मामिला तथा स्थानिय विकास मन्त्रालयबाट स्थानिय तहको लागि तयार गरिएको स्थानिय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन - २०७४ संशोधन सहित पारित गरियो ।

निर्णय नं - ३

प्रस्ताव नं ३ उपर छलफल गर्दा मिति २०७५/०१/१० गते दोस्रो नगरसभा गर्ने निर्णय गरियो ।

निर्णय नं - ४

प्रस्ताव नं. ४ उपर छलफल गर्दा योजना क्र.सं.नं. ७ मा भएको सप्तधारा मा.वि. खेल मैदानलाई सप्तधारा मा.वि.को भवन निर्माण कार्यमा उक्त रकम खर्च गर्ने गरी संशोधन गरियो र क्र.सं. ८९ को सामुदायिक भवन भोर्लेटारको ४ लाख रकम क्र.सं. १०२ मा जागृति आमा समुह भवनमा थप गर्ने निर्णय गरियो ।

निर्णय नं - ५

प्रस्ताव नं ५ उपर छलफल गर्दा यस चालु आ.व.को दोस्रो चौमासिक सम्म खर्च भएको वित्तिय समानिकरण तर्फको रु ४,३२,०२,२११।६० .र सशर्त अनुदान तर्फ भएको खर्च रु१०,२०,५६,०३४।०० र सामाजिक सुरक्षा कार्यक्रम तर्फ ३,५८,८९,२००।०० स्थानिय शासन तथा सामुदायिक विकास कार्यक्रम चालु तर्फ रु ८,१५,०००।००, स्थानिय शासन तथा सामुदायिक विकास कार्यक्रम पुजिगत खर्च तर्फ रु १८१,३६५।०० , आन्तरिक आय खर्च तर्फ रु १,१२,१७०।०० गरी कुल खर्च रु १८,२२,५५,९८०।६० अनुमोदन गरियो ।

निर्णय नं - ६

प्रस्ताव नं ६ उपर छलफल गर्दा चालु आ.व. को हालसम्मका सम्पन्न भै भुक्तानी भएका योजनाहरु फरफारक गरी खर्च अनुमोदन गरियो ।